# भाग ४

### श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

वन तथा भू-संरक्षण मन्त्रालयका सचिव श्री जितेन्द्रलाल मास्के अध्ययन भ्रमणको सिलसिलामा फिनल्याण्ड जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री बोधनाथ अधिकारीलाई मिति २०४३।४।२९ देखि कायम मुकायम मुकरर गरेको छ।

### सूचना २

सामान्य प्रशासन मन्त्रालयका सचिव श्री मङ्गलकृष्ण श्रेष्ठ प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको लागि आर्थिक सहयोग तथा विदेशी विशेषज्ञको छनौट वार्ता गर्न संयुक्त अधिराज्य र बेल्जियमतर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री श्यामकुमार प्रधानलाई मिति २०४३।५।११ देखि कायम मुकायम मुकरर गरेको छ।

आज्ञाले,
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको मुख्य सचिव

269



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## गृह मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले जिल्ला कार्यालय दाङका प्र. जि. अ. श्री रघुनाथ भण्डारी घर बिदामा बस्नुभएकोले सो प्र. जि. अ. पदमा नि. से. नि., २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका प्रशासकीय अधिकृत श्री मेघराज पाठकलाई मिति २०४३।४।१ देखि का. मु. मुकरर गरेको छ।

### सूचना २

श्री ५ को सरकारले जिल्ला कार्यालय भोजपुरका प्र.जि.अ. श्री रामप्रसाद खतिवडा घर बिदामा बस्नुभएकोले सो प्र.जि.अ. पदमा नि.से.नि., २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका प्रशासकीय अधिकृत श्री रामप्रसाद घिमिरेलाई मिति २०४३।४।६ देखि का.मु. मुकरर गरेको छ।

### सूचना ३

श्री ५ को सरकारले जिल्ला कार्यालय मकवानपुरका प्र.जि.अ. श्री जनकराज दुंगाना घर बिदामा बस्नुभएकोले सो प्र.जि.अ. पदमा नि.से.नि., २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका प्रशासकीय अधिकृत श्री दुर्गाराज शर्मालाई मिति २०४३।४।८ देखि का.मु.मुकरर गरेको छ।

आज्ञाले,
हीरालाल गुभाजु
कानून अधिकृत (उप-सचिव)

302



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## सामान्य प्रशासन मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले मिति २०४३।४।२४ को निर्णयानुसार नेपाल विविध सेवा, राजपत्रांकित द्वितीय श्रेणी ( उपसचिवस्तर ), वीर अस्पतालको हाउस किपिङ अधिकृत श्रीमती बुद्धकुमारी राईलाई निजामती सेवा नियमावली, २०२१ को नियम ७.२ (२) अनुसार सुविधा पाउने गरी सोही नियमावलीको नियम ७.२ (१) बमोजिम मिति २०४३।५।१ देखि लागू हुने गरी स्वेच्छिक अवकाश दिएको छ ।

आज्ञाले,
श्यामकुमार प्रधान
श्री ५ को सरकारको का.मु. सचिव

### सूचना २

श्री ५ को सरकारले मिति २०४२।११।१० को निर्णयानुसार नेपाल प्रशासन सेवा, राजपत्राङ्कित तृतीय श्रेणीका देहायका अधिकृतहरूलाई निजामती सेवा नियमावली, २०२१ को नियम ७.२ (२) अनुसार सुविधा पाउने गरी सोही नियमावलीको नियम ७.२ (१) बमोजिम स्वेच्छिक अवकाश दिएको छ ।

१. श्री लुमणिप्रसाद घिमिरे,
राजपत्राङ्कित तृतीय श्रेणी,
सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूह ।

२. श्री कृष्णमान प्रधान,
शाखा अधिकृत,
जलस्रोत मन्त्रालय ।

### सूचना ३

श्री ५ को सरकारले मिति २०४३।३।३१ को निर्णयानुसार देहायका व्यक्तिहरूलाई नेपाल प्रशासन सेवा (लेखा समूह), राजपत्राङ्कित तृतीय श्रेणीको पदमा एक वर्षको परीक्षणकाल रहने गरी नियुक्ति गरी महालेखा नियन्त्रक कार्यालय वा अन्तर्गत कार्यालयमा पदस्थापन गरेको छ ।



363

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| क्र.सं. | नाम र थर | क्र.सं. | नाम र थर |
|---|---|---|---|
| १. | श्री ऋषिराम शर्मा | २. | श्री मुकुन्दराज पन्थी |
| ३. | श्री लेखनाथ थापा | ४. | श्री जगदीशराज बराल |
| ५. | श्री आनन्दकुमार भट्टराई | ६. | श्री बालकृष्ण तिवारी |
| ७. | श्री नारायण श्रेष्ठ | ८. | श्री हरमोहन भट्टराई |
| ९. | श्री इच्छाबहादुर बुढाथोकी | १०. | श्री जनक के.सी. |
| ११. | श्री हरिबहादुर बानियाँ | १२. | श्री शिवप्रसाद सिग्देल |
| १३. | श्री प्रेमनारायण खनाल | १४. | श्री विदुरचरण राय |
| १५ | श्री श्रीप्रसाद न्यौपाने | १६. | श्री नरेन्द्रकेशरी पौड्याल |
| १७. | श्री साम्राज्यलक्ष्मी श्रेष्ठ (जोशी) | १८. | श्री चन्द्रिकाप्रसाद चौरसिया |
| १९. | श्री कृष्णप्रसाद पोखरेल | २०. | श्री मतिप्रसाद भुसाल |
| २१. | श्री भरत अधिकारी | २२. | श्री चन्द्रमणि अधिकारी |
| २३. | श्री न्यूटनराज कार्की | २४. | श्री नरेशप्रसाद पराजुली |
| २५. | श्री पुरूषोत्तम गौतम | २६. | श्री दुर्गादत्त भण्डारी |
| २७. | श्री नीलकण्ठ रेग्मी | २८. | श्री पुष्पप्रसाद गौतम |
| २९. | श्री बालकृष्ण कार्की | ३०. | श्री राजेन्द्रबहादुर बज्राचार्य |
| ३१. | श्री शम्भुप्रसाद गौतम | ३२. | श्री बद्रीप्रसाद न्यौपाने |
| ३३. | श्री राधाकृष्ण सिवाकोटी | ३४. | श्री कुमार अधिकारी |
| ३५. | श्रीमती दुर्गा रायमाझी | ३६. | श्री भुवनप्रसाद आचार्य |
| ३७. | श्री योगेन्द्र गौचन | ३८. | श्री सूर्यप्रसाद सिलवाल |

## सूचना ४

श्री ५ को सरकारले मिति २०४३।४।६ को निर्णयानुसार कोष तथा लेखा नियन्त्रक कार्यालय, महोत्तरीका लेखा परीक्षण अधिकारी श्री माणिकधर तुलाधरलाई निजामती सेवा नियमावली, २०२१ को नियम ७.२(२) अनुसार सुविधा पाउने गरी सोही नियमावलीको नियम ७.२(१) बमोजिम स्वेच्छिक अवकाश दिएको छ।

आज्ञाले,
ज्ञानबहादुर शाक्य
उप-सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।